महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
घ्याङखेल गाउँपालिका, सिन्धुली

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
(बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं. ५५५ मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
घ्याङखेल गाउँपालिका, सिन्धुली ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ३२ लाख २३ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. ५० हजार फर्स्यौट भई रू.१ करोड ३१ लाख ७३ हजार बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू.१० लाख , प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १३ लाख ७३ हजार, नियमित गर्नुपर्ने रू.८ लाख रहेको छ ।पालिकाको गतवर्ष सम्मको रु.५ करोड १ लाख ५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ६ करोड २६ लाख ३४ रहेको छ । घ्याङ्खेल गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

घ्याङखेल गाउँपालिका, सिन्धुली

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३५	४६	१३२२३	०	४	५०	३५	४२	१३१७३	१०००	८००	११३७३	०	०	१२१७३	०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिन्धुली	५०१०५	०	६४४	४९४६१	०	१३१७३	६२६३४

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : घ्याङखेल गाउँपालिका, सिन्धुली , घ्याङलेख गाउँपालिका , सिन्धुली

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	सुरेश कुमार अधिकारी	२०७८-८-१९	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	रामकुमार कार्की	२०७७-४-१	
लेखा प्रमुख	रुद्र प्रसाद दहाल	२०७७-४-१	
		बेरुजु रकम	१३,२२३,४२८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९,९३,०१,०६०.०१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१७,६२,८१,५४०	चालु खर्च	१६,९७,८२,०६०.४७
प्रदेश सरकारबाट अनुदान	३,६८,२७,७६२	पूँजीगत खर्च	११,०९,९७,६५५.६६
राजश्व बाँडफाँट	२,१२,६२,९६३.२१	वित्तीय/अन्य व्यवस्था	६६,१८,९३२.३३
आन्तरिक आय	५५,००,०००		
अन्य आय	४,०८,४४,७१०.२२		
कुल आय	२८,०७,१६,९७५.४३	कुल खर्च	२८,७३,९८,६४८.४६
बाँकी मौज्दात		९,२६,१९,३८६.९८	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित यस गाँउपालिकामा ५ वडा, २८ गाउँसभा सदस्य, १६६.७७ वर्ग कि.मि. क्षेत्रफल र १३७६१ जनसंख्या रहेको छ ।	
२			**वित्तीय विवरण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७७।०७८ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।	

विवरण	टिप्पणी	यसवर्षरु.			गतवर्षरु.	
		बजेट	आफैलेगरेकोप्राप्ति/भुक्तानी	जम्मा	आफैलेगरेकोप्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		३४,४४,०५,६०३.५९	४,८२,०१,८२४.८०	४,८२,०१,८२४.८०	२४,९३,९१,९१२.०३	२४,९३,९१,९१२.०३
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३३,७३,९०,६७०	४,११,७६,८९१.२१	४,११,७६,८९१.२१	२४,१६,३३,९९०.८३	२४,१६,३३,९९०.८३
११००० कर	११	७,७५,४०,१३०	२,१२,६२,९६३.२१	२,१२,६२,९६३.२१	४,६४,४२,९४५.७९	४,६४,४२,९४५.७९
१३००० अनुदान		२५,५२,५५,५४०	१,९९,१३,९२८	१,९९,१३,९२८	१९,२०,६९,०००	१९,२०,६९,०००
संघीय सरकार	१२	१९,९२,८१,५४०	२,१०,०७,१६६	२,१०,०७,१६६	१७,०५,९२,०००	१७,०५,९२,०००
प्रदेश सरकार	१२	५,५९,७४,०००	(१०,९३,२३८)	(१०,९३,२३८)	२,१४,७७,०००	२,१४,७७,०००
१४००० अन्यराजस्व		४५,९५,०००	०	०	३१,२२,०४५.०४	३१,२२,०४५.०४
ख. अन्य प्राप्ति		७०,१४,९३३.५९	७०,२४,९३३.५९	७०,२४,९३३.५९	७७,५७,९२१.२०	७७,५७,९२१.२०
वितरण गर्न बाकीराजस्व		०	०	०	०	०
कोषहरु		७०,१४,९३३.५९	७०,२४,९३३.५९	७०,२४,९३३.५९	७७,५७,९२१.२०	७७,५७,९२१.२०
धरौटी		०	०	०	०	०
संघीय, प्रदेशसरकार वा अन्य कार्यक्रम		०	०	०	०	०
भुक्तानी (ग+घ)		४३,३५,४७,८०५.४०	२८,६७,७३,४४८.८३	२८,६७,७३,४४८.८३	२१,८७,२९,६३५.७८	२१,८७,२९,६३५.७८
ग. भुक्तानी (सञ्चित कोषबाट)		४२,६५,३२,८७१.८१	२८,०७,७९,७१६.१३	२८,०७,७९,७१६.१३	२१,२६,५९,२८३.४२	२१,२६,५९,२८३.४२
२१००० पारिश्रमिक / सुविधा	१८	१२,८५,८२,५४०	१०,९३,८०,५२७.५८	१०,९३,८०,५२७.५८	६,८३,८४,८२२.६१	६,८३,८४,८२२.६१
२२००० मालसामान तथा सेवाको उपयोग	१८	८,५४,०७,०००	४,६३,३५,४८८.८९	४,६३,३५,४८८.८९	१,५६,३२,३५३.६३	१,५६,३२,३५३.६३
२५००० सहायता (Subsidy)	१८	४,००,०००	१,८८,०२७	१,८८,०२७	७७,२०,२४०	७७,२०,२४०
२६००० अनुदान	१८	०	०	०	२,३९,९८,२०२.०५	२,३९,९८,२०२.०५
२७००० सामाजिक सुरक्षा	१८	१,७२,६२,०००	१,२८,३७,३९८	१,२८,३७,३९८	३१,४८,६२०.६८	३१,४८,६२०.६८

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम

२८००० अन्य खर्च	१८	१४,००,०००	१०,४०,६१९	१०,४०,६१९	१२,२१,०२६	१२,२१,०२६
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१९,३४,८१,३३१.८१	११,०९,९७,६५५.६६	११,०९,९७,६५५.६६	९,२५,५४,०१८.४५	९,२५,५४,०१८.४५
घ. अन्य भूक्तानी		७०,१४,९३३.५९	५९,९३,७३२.७०	५९,९३,७३२.७०	२१,८७,२९,६३५.७८	२१,८७,२९,६३५.७८
कोषहरु		७०,१४,९३३.५९	६०,२२,५६६.७०	६०,२२,५६६.७०	६०,७०,३५२.३६	६०,७०,३५२.३६
धरौटी		०	०	०	०	०
संघीय, प्रदेशसरकार वा अन्य कार्यक्रम		०	०	०	०	०
कट्टी रकमभुक्तानी/दाखिला गर्न बाकी			-२८,८३४	-२८,८३४		
ङ. यो वर्षको बचत (न्युन)		(८,९१,४२,२०१.८१)	(२३,८५,७१,६२४.०३)	(२३,८५,७१,६२४.०३)	३,०६,६२,२७६.२५	३,०६,६२,२७६.२५
च. गतवर्षकोजिम्मेवारी रकम (अ.ल्या)					९,५८,४१,९८३.७५	९,५८,४१,९८३.७५
वर्षान्तिको बाकी रकम (ङ + च)		(८,९१,४२,२०१.८१)	(२३,८५,७१,६२४.०३)	(२३,८५,७१,६२४.०३)	१२,६५,०४,२६०	१२,६५,०४,२६०
बैंक तथा नगद बाकी	२४		(२३,९५,७१,६२४.०३)	(२३,९५,७१,६२४.०३)	१२,८२,३६,५६६.५०	१२,८२,३६,५६६.५०

गाउँपालिकाले पेश गरेको वित्तीय विवरणमा समावेश नभएको र CGAS मा समावेश भएका खर्च शीर्षकहरु निम्नानुसार रहेका छन्ः

सि.नं.	बजेट उपशीर्षक	बजेट	खर्च/निकासा
१	ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा	३५५६८०००.००	३१५३०२५४.००
२	स्थानीय साझेदारी विकास कार्यक्रम	६००००००.००	४६६८३११.००
३	प्रदेश पूर्वाधार विकास कार्यक्रम	८००००००.००	७७८६९२९.००
	जम्मा	४९५६८०००.००	४३९८५४९४.००

३

लेखापरीक्षणको क्रममा असुली

लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षातर्फको रु.५०८००। र कर कट्टो छुट रु ३९४३४। समेत रु. ९०२३४। असुल गरी वेरुजु खातामा दाखिला भएको छ ।

४

वित्तीय विवरण विश्लेषण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• प्राप्त वित्तीय विवरणको अनुसूची २४ मा बैङ्क कारोबारमा वर्षान्तको बाँकी रु.९५१६०९५१।५१ र अनुसूची २४ को नगद तथा बैङ्क बाँकी रु.२३९५७१६२४।०३ ऋणात्मक मौज्दात भई बैङ्क रु.१४४४१०६७२।५२ देखिएको छ । अनुसूची २४ मा देखाएको बैङ्क तथा नगद बाँकी ऋणात्मक मौज्दात मध्ये राजस्व खाता र संचितकोष खातामा रु.३२६६४६०७५।६९ र संचितकोष खाता र खर्च खातामा रु.८०८६४९९।८५ गरी रु.३३४७३२५७५।५४ ऋणात्मक मौज्दात देखाई बैङ्क कारोबारमा भिन्नता भन्ने उल्लेख छ । यस सम्बन्धमा पुष्ट्याई प्राप्त नभएकोले यकिन हुनुपर्दछ । • बैङ्क खाताहरूको बैङ्क मौज्दात एकमुष्ठ रुपमा सबै खाताहरूको हिसाब गर्दा मौज्दात ऋणात्मक रहेको छ । • NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरे तापनि सबै कारोबार सूत्रमा समावेश नभएको र प्रदेश सरकारको बजेट रु.५५९७४०००।०० रहेकोमा प्राप्ति हिसाबमा रु.१०९३२३८।०० ऋणात्मक प्राप्ति देखाएकोले आम्दानी तथा खर्च भिड्दैन । • पालिकाको कुल बजेट प्राप्ति रु.३४४४०५६०३।५९ मा आफैंले गरेको प्राप्ति रु.४८२०१८२४।८० देखाएको छ । बजेट प्राप्ति मध्ये कुल भुक्तानी ४३३५४७८०५।४० रहँदा रु.८९१४२२०१।८१ ऋणात्मक बचत देखिएको छ भने आफैंले गरेको प्राप्ति हिसाबमा रु.२८६७७३४४८।८३ रहेकोमा रु.२३८५७१६२४।०३ ऋणात्मक बचत देखाएको छ । यस सम्बन्धमा यकिन हुनुपर्दछ । • पालिकाको वित्तीय विवरणको अनुसूची १२ मा संघीय सरकारबाट प्राप्त गरेको रु.१७६२८१५४०।०० देखिएकोमा अनुसूची २७२ को टिप्पणी १२ मा रु.२१००७१६६।०० प्राप्ति देखिन्छ भने अनुसूची १२ मा प्रदेश सरकारबाट रु.३६८२७७६२।०० अनुदान प्राप्त गरेकोमा २७२ को टिप्पणीमा रु.१०९३२३८।०० ऋणात्मक मौज्दात देखाएको छ । यस सम्बन्धमा स्पष्ट हुनुपर्दछ । • पालिकाले संचितकोष खाताबाट सिधै खर्च लेखेकोले संचितकोष हिसाब स्पष्ट देखिँदैन र आम्दानी, खर्च र मौज्दात हिसाब समेत भिड्दैन । यस सम्बन्धमा यकिन हुनुपर्दछ । पालिकाको अन्य राजस्व बजेट रु.४५९५०००।०० देखाएकोमा आफैंले प्राप्त गरेको प्राप्ती शून्य देखाएको छ । पालिकाको राजस्व प्राप्ति हिसाब यकिन गरी यथार्थता प्रस्तुत गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा वित्तीय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेस गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री दुर्गा देवी सुनुवारले मिति २०७७।३।१० गते रु.३२ करोड ९९ लाख ९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
६			**आन्तरिक नियन्त्रण**	
६.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा तपशील बमोजिम गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा नगरेको • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको नराखेको • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत गर्नुपर्नेमा नगरेको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कट्टा गरेको कर तोकिएको अवधिमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको • वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक नगरेको	
६.२			बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार देखिएका छन्ः • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको म. ले. प. फाराम ८०१ – बेरुजु लगत म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रीय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रीय प्रतिवेदन म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख अवस्था अनुसार ती म. ले. प. फाराम अद्यावधिक नरहेको	
७			**चौमासिक प्रगति** आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**कानून र सञ्चालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ६ वटा नियमावली, २९ कार्यविधि निर्देशिका ४ मापदण्ड १ आचारसंहिता १ समेत ५५ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले सबै कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वियनमा ल्याउनु पर्दछ ।	
९			**न्याय सम्पादन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छयौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी विवरणमा गत विगत बाँकी नभएको २०७७।७८ मा विवाद १९ वटा दर्ता भएकोमा १६ वटा समाधान भएको ३ वटा पक्षले तारिख छाडेकाले बाँकी विवाद नभएको पाइयो ।	
१०			**स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति** आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको तर सो समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जूमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेमा गरेको पाइएन ।	
११			**बजेट तथा कार्यक्रम तर्जूमा समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार गरेको पाइएन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थिति
पालिकाको क्षेत्रगत रुपमा कूल बजेट रु ४२ करोड ६५ लाख ३३ हजार र खर्च २८ करोड ०७ लाख ७९ हजार को आधारमा समग्र रुपमा ६५.८२ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३९२२२५४०</td><td>२०८१८०७०</td><td>७.४१</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>१२६२७१०००</td><td>९६६३२८२४.</td><td>३४.४२</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१५६५१४३३२.</td><td>९३०८९८२७</td><td>३३.१५</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>९४५००००</td><td>३४७९३१२</td><td>१.२४</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>९५०७५०००</td><td>६६७५९६८३.</td><td>२३.७८</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>४२६५३२८७२.</td><td>२८०७७९७१६.</td><td>१००.००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ३४.४२ प्रतिशत, पूर्वाधार विकासमा ३३.१५ कार्यालय संचालन तथा प्रशासनिकमा २३.७८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा १.२४ प्रतिशत रहेको छ । आर्थिक विकासतर्फ ७.४१ प्रतिशत मात्र खर्च रहेको देखियो ।अत: आर्थिक विकास र सुशासनको क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
आधारभूत तथ्याङ्क संकलन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गरेको पाइएन ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>
चौमासिक खर्च
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पुँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोश्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>गाउँपालिका</td><td>९८८०७</td><td>६०७</td><td>८२६२</td><td>८९९३८</td><td>५५२४५</td></tr>
<tr><td>२</td><td>संघीय सरकार सशर्त</td><td>३२८७</td><td>०</td><td>३७५</td><td>२९१२</td><td>११८५</td></tr>
<tr><td>३</td><td>प्रदेश सरकार सशर्त</td><td>८८९६</td><td>०</td><td>०</td><td>८८९६</td><td>७७६९</td></tr>
<tr><td></td><td>कूल खर्च:</td><td>११०९९०</td><td>६०७</td><td>८६३७</td><td>१०१७४६</td><td>६४१९९</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>०.५५</td><td>७.७८</td><td>९१.६७</td><td>५७.८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
तलवी प्रतिवेदन
निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**दरवन्दी र पदपूर्ति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित २० जना पदपूर्ति र ३६ जना करारमा रहेको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत सहित ६९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१७			**योजना छनौट र कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम योजना छनौट र कार्यान्वयन भएको पाइएन ।	
१८			**सम्पत्ति उपयोग र संरक्षण** पालिकामा साविकका गाउँ विकास समितिको नाममा रहेका सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा तपशील बमोजिम गरेको पाइएन ।	
१८.१			• साविक गाविसका सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक छैन • साविकका संघीय विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक छैन • साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक छैन	
१८.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८.३			• सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन • संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको छैन	
१९			**अवण्डा बजेट** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.२० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम पालिकाको अध्यक्षको निर्णयबाट खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
२०			**उपदान कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकामा कार्यरत ९ जना कर्मचारीको मासिक रु १९२८३।८० ले बार्षिक रु ४६२८११।२० कट्टा गरी सोही रकम बरावर दाखिला गर्नुपर्नेमा कर्मचारी कल्याण कोष स्थापना भएकोले कोषमा रु १०००००० । दाखिला गरेको पाइयो ।	
२१			**रकमान्तर** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिशमा कार्यपालिकाले रकमान्तर गरी विभिन्न ११४ कार्यक्रममा रु. ५ करोड ३९ लाख ६९ हजार कार्यक्रम संशोधन गरी खर्च गरेको देखिएको छ ।	
२२			**प्रकोप आय व्यय** यस पालिकाले यस आ. व. मा छुट्टै कोभिड कोषको स्थापन नगरी प्रकोप व्यवस्थापन कोषबाट नै कोरोना सम्बन्धी खर्च लेखेको छ। प्रकोप व्यवस्थापन कोषको आम्दानी खर्चको विवरण तथा कोरोोना शिर्षकमा भएको खर्चको व्यहोरा देहायबमोजिम छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

बजेट / आम्दानीको स्रोत	२०७८असार मसान्त सम्म प्राप्त रकम	खर्च शीर्षक	२०७८ असार मसान्तसम्म खर्च रकम
गत वर्षको अल्या	२०१४९३४	राहात वितरण	२४३९१००
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन	३५०००००	क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	४३१९५
प्रदेश कोभिड कोषबाट	१००००००	जनशक्ति परिचालन	९३७६४८
अन्य स्रोतबाट प्राप्त	५०००००	औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	९४६७१४
		विपद् व्यवस्थापन खर्च	१४३८३०९
		बाँकी	१२१९०३३
जम्मा	७०१४९३४	जम्मा	७०१४९३४

यस वर्ष पालिकाले छुट्टै कोरोना कोष खडा नगरी प्रकोप व्यवस्थापन कोषबाट कोरोना व्वस्थापनमा खर्च गरेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार राहत वितणमा सबैभन्दा बढी रु. २४३९१०० खर्च गरेको छ जस अन्तर्गत पालिकाका जनतालाई राहतस्वरुप १ बोरा चामल प्रति व्यक्ति १८०६ जनालाई वितरण गरेको छ। सबैभन्दा कम क्वारेन्टिन तथा होल्डिङ्ग सेन्टर व्यवस्थापनमा जम्मा रु. ४३१९५ खर्च गरेको छ। प्रकोप व्यवस्थापन कोषबाट विपद् व्यवस्थापन खर्चमा पालिका भित्र आगलागि, पहिरो आदिजस्ता दैवीप्रकोपबाट पिडित तथा जटिल रोग लागि उपचार गर्न विपन्न व्यक्तिहरुलाई सहयोग स्वरुप रु.१४३८३०८ खर्च गरेको छ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**ढुङ्गाको कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्नसक्ने व्यबस्था छ । जिल्ला समन्वय समितिको कार्यालय	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सिन्धुलीबाट च.नं ३०७५ मिति २०७५।३।१९ मा स्वीकृत IEE प्रतिवेदन अनुसार पालिकाको क्षेत्रभित्र पर्ने ६ वटा खोलाहरुबाट वर्षभरिमा ६७३५० घ.मि सम्म ढुङगा,गिट्टी ,वालुवा तथा रोडा उत्खनन गर्न सकिने कुरा सिफारिश भएको छ । उक्त सिफारिशले वार्षिक रुपमा पालिकाले रु.४७१४५००।०० राजश्व संकलन हुने अनुमान गरेको पाइयो । पालिकाले आर्थिक बर्ष २०७७।७८ मा ढुङगा,गिट्टी वालुवाको संकलन तथा विक्रीका लागि कुनै पनि ठेक्का आह्वान गरेको छैन । पालिकाबाट भुक्तानी भई निर्माण कार्य गरिएका देहायका योजनाहरुमा उपभोक्ता समिति तथा निर्माण व्यवसायीले पालिका क्षेत्रभित्रका खोलाहरुबाट निर्माण सामग्रीहरु प्रयोग भएको जनाएको छ तर पालिकाले निर्णय गरी कुनै पनि शुल्क नउठाएका कारण पालिकाको देहाय बमोजिमको राजश्व गुमेको छ । पालिकाले आम्दानीको स्रोतको पहिचान गरी आम्दानी बढाउनतर्फ ध्यान दिनु पर्दछ ।	

भौ.न	उपभोक्ता समिति	काम	प्रयोग (घ.मि)	प्रयोग परिमाण घन फिटमा(परिमाण*३५.२८)	प्रदेश दर (भ्याट सहित)	रकम
४	हायुटार हिर्दिङ सडक स्तरोन्नती	सोलिङ	२१८	७६९१	१०.१७	७८२१८
६	आधारभुत गोठडाडाँ	स्टोन वाल	४२	१४८२	१०.१७	१५०६९
९	जुगेपानी लाखाङ गोपे सडक	सोलिङ	१३२	४६५७	१०.१७	४७३६१
३	सिम्लेखोला पटबाँस भ्वासैँडाँडा सडक	जाली भर्ने	९७	३४२२	१०.१७	३४८०३
२	भैसेवस्तिपुर काफ्लेचौर सडक	जाली तथा ढुङगा सोलिङ	२८०	९८७८	१०.१७	१००४६३
९	ज्यामिरेडाडाँ घोरथुङ बन्दिपुर कृषि सडक	जाली तथा ढुङगा सोलिङ	८१८	२८८५९	१०.१७	२९३४९६
७	सिम्लेफेदी हेल्थपोष्ट कृषि सडक	जाली तथा ढुङगा सोलिङ	३९७	१४००६	१०.१७	१४२४४३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			८	वडा कार्यालय मावि अमले सडक	जाली तथा ढुङ्गा सोलिङ	३९२	१३८३०	१०.१७	१४०६४९	
			२२५	तामाजोर चिलाउने मोटरबाटो स्तरोन्नती	जाली भर्ने	६१	२१५२	१०.१७	२१८८७	
			२४	चालिसेखोला तारजाली	जाली भर्ने	१४३	५०४५	१०.१७	५१३०८	
			३३	चौकीटार तटबन्ध निर्माण	जाली भर्ने	१४५	५११६	१०.१७	५२०२६	
			५८	पाखुरेफेदी रानभेडा जुगेपानी सडक स्तरोन्नती	जाली तथा ढुङ्गा सोलिङ	७६०	२६८१३	१०.१७	२७२६८६	
			७२	तामाजोर केवरघारी देखि ठाकुरस्थान सम्म मोटरबाटो	जाली भर्ने	२५८	९१०२	१०.१७	९२५७०	
			६८	भैसेफाँट तटबन्ध कार्य	जाली भर्ने	८२	२८९३	१०.१७	२९४२१	
			७३	तामाजोर पाचँघरे ढुङ्गे मोटरबाटो	जाली भर्ने	२४७	८७१४	१०.१७	८८६२३	
			९३	पाखुरेखोला तटबन्ध निर्माण	जाली भर्ने	८५	२९९९	१०.१७	३०४९८	
			१०६	गाउँपालिका भवन गाउँपालिकाको भवन भित्रको कार्य	जाली भर्ने र वाल लगाउने	१४९	५२५७	१०.१७	५३४६१	
			१०३	छविसे चौकीटार मश्रङगे सडक	जाली भर्ने	२६०	९१७३	१०.१७	९३२८७	
			११८	ठाकुरस्थान नयाँवस्ती तटबन्ध निर्माण	जाली भर्ने	६१	२१५२	१०.१७	२१८८७	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			११५	सिम्लेखोला तटवन्ध कार्य	जाली भर्ने	१४५	५११६	१०.१७	५२०२६	
			१९२	गोपेखोला तटबन्धन कार्य	जाली भर्ने	८५	२९९९	१०.१७	३०४९८	
			१८६	दलिन भन्ज्याङदेखि लिपेडाँडा सडक मर्मत	जाली भर्ने	८१	२८५८	१०.१७	२९०६३	
			१९६	चन्दनपुर सातदोबाटो मोटरबाटो स्तरोन्नती	जाली तथा ढुङ्गा सोलिङ	९६७	३४११६	१०.१७	३४६९५७	
			२२०	चन्दनपुर माझको सिचाँइ कुलो	स्टोन वाल	७४	२६११	१०.१७	२६५५१	
			२१९	वडा नं ४ को सम्पूर्ण सडक मर्मत	जाली	१७७	६२४५	१०.१७	६३५०७	
			२१८	गोपेमावि देखि गोपेफेदी सम्म सडक	जाली तथा ढुङ्गा सोलिङ	२२२	७८३२	१०.१७	७९६५३	
			२३०	सिम्पाल चैनपुर खेरबोटे रातु हुदै राचाँ मोटरबाटो स्तरोन्नती	जाली भर्ने	११९८	४२२६५	१०.१७	४२९८४०	
			२०३	शुभश्री निर्माण सेवा (खड्गारदेखि अमले थलगाउँ हुदै फापरचुली सडक)	स्टोन वाल तथा ग्याविन	१७६२	६२१६३	१०.१७	६३२२०१	
			२३६	प्रिन्स जे.के.बिल्डर्स कम्पनि प्रालि(चिलाउने पचभैया लप्से हुदै सातदोबाटो सम्म सडक)	स्टोन वाल तथा ग्याविन	५३६	१८९१०	१०.१७	१९२३१६	
			२२१	वडा नं २ को वडा कार्यालय भवन(भुमिका एण्ड सम्भव निर्माण सेवा प्रालि)	स्टोन वाल तथा ग्याविन	२०६	७२६८	१०.१७	७३९१२	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td></td><td>१००८०</td><td></td><td></td><td>३६१६६८०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
हेभी इक्वीपमेन्टको प्रयोग
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।
<table>
<tr><th>भौ .न</th><th>उपभोक्ता समिति</th><th>काम</th><th>प्रयोग गरेको हेभी इक्वीपमेन्ट</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>छुरेधार कोल्टार लङदी बछिउटार सडक</td><td>सडक खन्ने</td><td>एक्जाभेटर र ब्रेकर</td><td>१८७१४४१</td></tr>
<tr><td>२</td><td>बेसीटोल कुडुले माटोखाली सडक निर्माण</td><td>सडक खन्ने</td><td>एक्जाभेटर र ब्रेकर</td><td>११०५९८७</td></tr>
<tr><td>५</td><td>ज्यामिरेडाडाँ घारेथुङ बन्दीपुर कृषि सडक</td><td>सडक खन्ने</td><td>एक्जाभेटर र ब्रेकर</td><td>९३५०००</td></tr>
<tr><td>१९६</td><td>चन्दनपुर सातदोवाटो स्तरोन्नती</td><td>सडक खन्ने</td><td>एक्जाभेटर र ब्रेकर</td><td>१६११७९२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
बढी भुक्तानी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले मानिसद्धारा माटो खनिएको लागत अनुमान तथा नापी किताबमा जनाई देहायबमोजिमको उपभोक्ता समितिलाई म्यानुअल
</td><td>३८३,२०२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
